बर्दिवास नगरपालिकाका नगर प्रमुख श्री प्रहलाद कुमार क्षेत्री ज्युको अध्यक्षतामा मिति २०८३ साल भाद्र १८ गते बिहिवार बसेको नगरकार्यपालिका बैठकबाट देहायबमोजिमको प्रस्ताव उपर छलफल गरी निर्णय गरियो।

उपस्थिति

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री प्रहलाद कुमार क्षेत्री | प्रमुख | |
| २ | श्री तारा देवी | उप प्रमुख | |
| ३ | श्री भोला खड्का | वडा अध्यक्ष-१ | |
| ४ | श्री धिरेन्द्र कुमार सिंह | वडा अध्यक्ष-२ | |
| ५ | श्री विराट कुमार विष्ट | वडा अध्यक्ष-३ | |
| ६ | श्री अक्कल बहादुर तमाङ | वडा अध्यक्ष-४ | |
| ७ | श्री काहार मान स्याङ्गवा | वडा अध्यक्ष-५ | |
| ८ | श्री पदम बहादुर आले | वडा अध्यक्ष-६ | |
| ९ | श्री रामस्वगारथ यादव | वडा अध्यक्ष-७ | |
| १० | श्री समसेर सिंह | वडा अध्यक्ष-८ | |
| ११ | श्री घुरन महतो | वडा अध्यक्ष-९ | |
| १२ | श्री प्रमोद कुमार मोक्तान | वडा अध्यक्ष-१० | |
| १३ | श्री पूर्ण वहादुर बल | वडा अध्यक्ष-११ | |
| १४ | श्री राम किशोर साह | वडा अध्यक्ष-१२ | |
| १५ | श्री लक्ष्मण सिंह | वडा अध्यक्ष-१३ | |
| १६ | श्री विजय कुमार महतो | वडा अध्यक्ष-१४ | |
| १७ | श्री विन्देश्वर साह | कार्यपालिका सदस्य | |
| १८ | श्री रामचलित्तर पंजियार | कार्यपालिका सदस्य | |
| १९ | श्री लक्ष्मी कोइराला | कार्यपालिका सदस्य | |
| २० | श्री अन्सीला कुमारी | कार्यपालिका सदस्य | |
| २१ | श्री विना कुमारी पाख्रिन | कार्यपालिका सदस्य | |
| २२ | श्री प्रतिमा कुमारी विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २३ | श्री ऐश्वर्य वोम्जन तमाङ | कार्यपालिका सदस्य | |
| २४ | श्री राममणि अधिकारी | प्र. प्र. अ. (सदस्य सचिव) | |

१. श्री पवन कुमार कार्की (ले.पा.) आमन्त्रित

CS CamScanner

**बैठकका प्रस्तावहरु:**

१) श्रद्धान्जली सम्बन्धमा,

२) राहत सहयोग सम्बन्धमा,

३) विपद् व्यवस्थापनको निर्णय अनुमोदन सम्बन्धमा,

४) सेवा सुविधा वृद्धि सम्बन्धमा,

५) प्राविधिक समिति गठन सम्बन्धमा,

६) जग्गा उपलब्ध गराउन सिफारिस गर्ने सम्बन्धमा,

७) LGPAS सम्बन्धमा,

८) आइतवार विद्यालय संचालन सम्बन्धमा,

९) ICT भवन उपलब्ध गराउने सम्बन्धमा,

**बैठकका निर्णयहरु:**

१) प्रस्ताव नम्बर एक उपर छलफल गर्दा, भोटेकोशी नदीमा आएको आकस्मिक लेदोसहितको बाढीका कारण रसुवा, नुवाकोट, धादिङ र चितवन लगायतका जिल्लाहरूमा भएको ठूलो जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दछौं। उक्त प्राकृतिक प्रकोपमा परी ज्यान गुमाउनुहुने सम्पूर्ण दिवंगत आत्माप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछौं। साथै, घाइते हुनुभएका सम्पूर्ण व्यक्तिहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै बेपत्ता हुनुभएका व्यक्तिहरूको सकुशल तथा शीघ्र उद्धारको कामना गर्ने निर्णय गरियो।

२) प्रस्ताव नम्बर दुई उपर छलफल गर्दा, भोटेकोशी नदीमा आएको आकस्मिक लेदोसहितको बाढीका कारण रसुवा, नुवाकोट, धादिङ र चितवन लगायतका जिल्लाहरूमा भएको ठूलो जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै निजामती स्थायी कर्मचारीहरुको देहाय अनुसारको पारिश्रमिक रकम कट्टा गरी "प्रधानमन्त्री दैविक प्रकोप उद्धार कोष" मा जम्मा गर्ने निर्णय गरियो।

१. अधिकृत स्तरको (६ तह देखी माथी सबै) - ७ दिनको

२. सहायक स्तरको (४ र ५ तह) कर्मचारीहरुको - ५ दिनको

३. श्रेणी विहिन कर्मचारीको - २ दिनको

३) प्रस्ताव नम्बर तीन उपर छलफल गर्दा, बर्दिबास नगरपालिका स्थानीय विपद् व्यवस्थापन समितिको मिति २०८३/०५/१२ गतेको निर्णय अनुमोदन गर्ने साथै बर्दिबास नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट रु १२,५१,०००/-(अक्षरुपी बाह्र लाख एकाउन्न हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो।

CS CamScanner

४) प्रस्ताव नम्बर चार उपर छलफल गर्दा, देहाय बमोजिम सेवा सुविधामा बृद्धि गर्ने निर्णय गरियो।

१. बर्दिबास नगरपालिकामा फोहोर मैला सरसफाई तथा डम्पिङ्ग साइडमा व्यवस्थापन गर्न कार्यको लागि ज्यालादारी कर्मचारीको रुपमा कार्यरत सुपरभाईजर लोक बहादुर खत्रीलाइ पुरा समय काम गर्ने गरी रु १९,५००/- (रु उन्नाइस हजार पाचसय मात्र) कायम गर्ने निर्णय गरियो।

२. बर्दिबास नगरपालिकामा ज्यालादारी कर्मचारीको रुपमा कार्यरत फोहोरमैला व्यवस्थापनको शुल्क उठाउने काम गर्दै आउनु भएको सरिता पौडेलको तलब खाइपाइ आएको तलबमा १०% बृद्धि गर्ने र पोशाक भत्ता बापतको सुविधा उपलब्ध गराउने निर्णय गरियो।

३. फोहोरमैला व्यवस्थापन कार्यको लागि भाडामा लिएको ४ वटा ट्याक्टरको भाडादर प्रति महिना रु २०००/- (दुइ हजार मात्र) थप गर्ने निर्णय गरियो।

४. बर्दिबास नगरपालिकामा ज्यालादारी कर्मचारीको रुपमा कार्यरत सरसफाईकर्मी गणेश मल्लिकलाइ प्रशासनिक भवनको थप २ वटा भवन र कृषि तथा पशु सेवा केन्द्रको भवनको समेत जिम्मेवारी दिने गरी खाइपाइ आएको तलबमा थप रु १०,०००/-(दश हजार मात्र) दिने निर्णय गरियो।

५. बर्दिबास जनता बहुमुखी क्याम्पस ,बर्दिबास महोत्तरीको च.न. ६५, मिति २०८३/०५/१८ गतेको पत्रानुसार उक्त क्याम्पसमा अध्यापनरत शिक्षिका श्री कामना पोखरेललाइ भारत, महाराष्ट पुने मा हुन गइरहेको 20th International 56th Annual Conference Of ELTAI मा कार्यपत्र प्रस्तुतिको लागि सहभागी हुन रु ५०,०००/- आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

५) प्रस्ताव नम्बर पाँच उपर छलफल गर्दा, संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ को दफा १४ बमोजिम देहाय बमोजिमका प्राविधिक समिति गठन गर्ने निर्णय गरियो।

| | |
|---|---|
| क) श्री लोकहरी घिमिरे | - संयोजक |
| ख) श्री निर्मल पौडेल | - सदस्य |
| ग) श्री पवन कुमार कार्की | - सदस्य सचिव |

६) प्रस्ताव नम्बर छ उपर छलफल गर्दा, साविक विजलपुरा वडा नं. ३ख कित्ता नं. ३६२ क्षेत्रफल ६७-१४-१८ मध्ये ५१ विगाहा मधेश कृषि विश्व विद्यालयको लागि लिजमा उपलब्ध गराउन सिफारिस गरिएकोमा उक्त जग्गाबाट उत्तर पश्चिम तर्फबाट २५ बिगाह जग्गा मात्र मधेश कृषि विश्व विद्यालयलाइ लिजमा उपलब्ध गराउन सिफारिस गर्ने र बाकी जग्गा औधोगिक क्षेत्र स्थापनाको लागि औधोगिक क्षेत्र व्यवस्थापन लिमिटेडलाइ उपलब्ध गराउन सिफासिर गर्ने साथै बिजलपुरा ५ख कित्ता नं.४६ क्षेत्रफल ४२-१४-५ र बिजलपुरा ३क कित्ता नं. १२० क्षेत्रफल ५-७-१९ औधोगिक क्षेत्र स्थापनाको लागि औधोगिक क्षेत्र व्यवस्थापन लिमिटेडलाइ उपलब्ध गराउन सिफासिर गर्ने निर्णय गरियो।

७) प्रस्ताव नम्बर सात उपर छलफल गर्दा, LGPAS प्रणालीबाट तयार भएको यस पालिकाको प्रारम्भिक प्रतिवेदन माथि आवश्यक छलफल तथा पृष्टपोषणकोका लागि स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन(व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२ अनुसार सम्बन्धित विषयगत समितिमा पेश गर्ने निर्णय गरियो।

CamScanner

८) प्रस्ताव नम्बर आठ उपर छलफल गर्दा, बर्दिबास नगरपालिका भित्रका बिद्यालयहरु आइतवारको बिदा सम्बन्धमा सबै वडा अध्यक्षज्यूहरुले आ-आफ्नो वडाको बिद्यालय व्यवस्थापन समितिका अध्यक्ष,प्रध्यानध्यापक , शिक्षक अभिभावक संघको अध्यक्ष र राजनितिक दलको प्रतिनिधिहरुसंग बृहत छलफल गरी सुझाव सहित ७ दिन भित्र नगर कार्यपालिकामा पेश गर्न निर्णय गरियो।

९) प्रस्ताव नम्बर नौ उपर छलफल गर्दा, बर्दिबास नगरपालिकाको नगर कृषि कार्यक्रम अन्तर्गत् वडा नं. ६ मा रहेको ICT भवनको संरचना प्रदेश सरकालाइ कृषि प्रयोगशालाहरु सञ्चालन गर्ने उदेश्यले भोगाधिकारका लागि प्रदान गर्ने निर्णय गरियो।